मितिः२०७७/१२/२३

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## पासवर्डसंग सम्बन्धितः-

१. पासवर्ड कम्तीमा दस(१०) अक्षरको राखौं |

२. पासवर्ड बनाउँदा Capital Letter (A-Z) , Small Letter (a-z), Number(0-9), Special Character (!, @,#,$,%,^,&,*,-,+={}() आदि समावेश गरौं |

३. पासवर्ड र प्रयोगकर्ताको नाम (Username) एउटै नराखौं |

४. पासवर्ड बनाउँदा शब्दकोषमा भएको शब्दहरुको प्रयोग नगरौं |

५. घर परिवार, साथीभाई, आफन्त आदिको नाम, मोबाईल नम्बर, फोन नं, ठेगाना, जन्म मिति जस्ता सजिलै अनुमान लगाउन सकिने शब्दहरु पासवर्डमा प्रयोग नगरौं |

६. एउटै पासवर्डलाई धेरै वटा खाता (Digital Account) मा प्रयोग नगरौ |

७. पासवर्डलाई कम्तिमा पनि तीन/तीन महिनामा परिवर्तन गरौं |

८. पहिले नै प्रयोग गरिसकेको पासवर्डलाई पुनः प्रयोग नगरौं |

९. कुनै पनि प्रणालीमा रहेको Default (स्वतः) पासवर्डलाई परिवर्तन गरौं |

१०. पासवर्डलाई अरु कसैलाई आदान प्रदान नगरी गोप्य राखौं | पासवर्डलाई कुनै सामाजिक सञ्जाल वा सञ्चार माध्यमबाट आदान प्रदान नगरौ |

११. आफ्नो खाता (Digital Account)लाई सुरक्षित राख्न Multi-factor Authentication (जस्तै 2-Factor Authentication, Password को साथै Fingerprint, PIN code, Mobile Number, OTP, Facial Identity इत्यादी) को प्रयोग गरौं |

**Nepal Telecommunications Authority (NTA)**
**Cyber Security Task Force (NTACERT)**
**Shreekunj Bhawan, Kamaladi**
**Kathmandu, Nepal**
**Phone: 4255474, Fax: 4255250**
**Email: cert@nta.gov.np, URL: www.nta.gov.np**